

उत्थानशील समुदायका लागि प्राविधिक सहायता

# मेरो सुरक्षित गाउँ

कार्यक्रम

Technical Support for Rural Community (TESREC)

TESREC

आर्थिक सहयोगः

**अमेरिकी सहायता नियोग** (USAID/OFDA)

कार्यान्वयन गर्ने संस्थाः

**भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल** (NSET)

## पृष्ठभूमि

नेपालमा भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी लगायत बिभिन्न खालका प्रकोपहरूबाट पटकपटक ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । हाम्रा समुदायहरूलाई प्रकोपहरूबाट सुरक्षित राख्न र सम्भावित जनधनको क्षति कम गर्नका लागि व्यवस्थित ढङ्गले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका प्रणाली र विधिहरू अपनाउनुपर्दछ। नगरपालिका क्षेत्रलाई समेटेर केही प्रयासहरू कार्यान्वयन भए तापनि गाउँपालिका क्षेत्रमा व्यवस्थित ढङ्गले जोखिम न्यूनीकरणका प्रयास हुन नसकेको अवस्था छ। यसै तथ्यलाई आत्मसात गरेर भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (NSET) ले गाउँपालिकाका लागि विपद् जोखिम न्यूनीकरण नमूना कार्यका रुपमा उत्थानशील समुदायको लागि प्राविधिक सहायता "मेरो सुरक्षित गाउँ" (TESREC) कार्यक्रम सञ्चालन गरिरहेको छ । यो कार्यक्रम नेपालको ७ वटा गाउँपालिकाहरुमा सन २०१९ देखि २०२१ सम्म कार्यान्वयन भइरहेको छ। यो कार्यक्रम अमेरिकी सहायता नियोग (USAID/OFDA) को आर्थिक सहयोगमा सञ्चालित छ । यस कार्यक्रमले भवन निर्माण संहिताको प्रभावकारी कार्यान्वयन गरी उत्थानशील समुदायको नमूना गाँउ विकास गर्ने लक्ष्य राखेको छ । यस प्रयासबाट प्राप्त सिकाइ र अनुभवले भविष्यमा अन्य थुप्रै गाउँपालिकाहरुमा उत्थालशील समुदाय निर्माणको लागि काम गर्ने तरिका र आधार तयार हुनेछ ।

**लक्ष्य** : नेपालको ग्रामीण समुदायहरुलाई विपद् उत्थानशील बनाउनु नै "मेरो सुरक्षित गाउँ" कार्यक्रमको मुख्य लक्ष्य हो ।

**उद्देश्य** : सुरक्षित भवन निर्माण पद्धति र विपद् पूर्वतयारी मार्फत समूदायलाई विपद्बाट सुरक्षित (उत्थानशील) बनाउने नमूना कार्यमा सहयोग पुराउनु नै यो कार्यक्रमको उद्देश्य रहेको छ ।

## कार्यक्रमका कार्यक्षेत्रहरु :

यस कार्यक्रममा मुख्य दुई खण्डहरु रहेका छन् । पहिलो, गाँउपालिकाहरुमा सुरक्षित भवन तथा पूर्वाधारहरुको निर्माणका लागि आवश्यक प्रणाली स्थापना गर्ने हो र दोस्रो विपद् उत्थानशील नमूना वस्ती विकास गर्ने रहेका छन् । यसका लागि कार्यक्रमले ३ वटा कार्यक्षेत्र पहिचान गरेको छ: गाँउपालिकाहरुमा सुरक्षित भवन तथा पूर्वाधार निर्माणको सुनिश्चितता गर्ने, बहुप्रकोपीय जोखिम नक्शाङ्कन गर्ने र विपद् पूर्वतयारी गर्ने ।




## प्राथमिकता :

कार्यक्रम सञ्चालनको अवधिमा निम्न पक्षलाई जोड दिइनेछ ।

- प्रयत्नहरुको संस्थागत पद्दति र सुशासन ।
- सचेतना र क्षमता अभिवृद्धि ।
- मुख्य निकाय र सरोकारवालाहरु सँग सहकार्य र समन्वय ।
- स्थानीय क्षमताको उपयोग/समुदायसँग अन्तरक्रिया ।
- समाजका अगुवाहरुसँग सहकार्य ।
- निजी घर देखि सिंगो बस्तीसम्मको कार्य ।
- भवन संहिता कार्यान्वयनलाई सम्पुर्ण विपद् जोखिम व्यवस्थापन योजना र कार्यान्वयनमा समाहित गर्ने पद्दति ।
- भइरहेका कमजोर संरचनाहरुको प्रबलीकरण गर्ने प्रक्रिया स्थापित गर्न सहयोग ।
- सञ्चार अभियान ।

- स्थानीय श्रोत व्यवस्थापन ।
- भवन संहिता र विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका अन्य संस्थाहरुसँग समन्वय ।
- विपद् जोखिम न्यूनीकरणमा काम गरिरहेका विश्व स्तरीय संघसंस्थाहरुसँग सहकार्य स्थापना गर्ने ।

## यो कार्यक्रम सञ्चालन भएपछि निम्न परिणाम निस्कने अपेक्षा गरिएको छ :

- ७ वटा गाउँपालिकाहरमा विपद् जोखिममा आधारित योजना निर्माण र भवन निर्माण संहिता लागू गर्न संस्थागत प्रणाली तथा प्रक्रिया स्थापित हुनेछन् ।
- ३ वटा समूदाय नमुना विपद् उत्थानशील समुदायको रुपमा विकसित हुनेछन् ।
- प्रकोप लेखाजोखा र नक्शाङ्कन, विपद् पूर्वतयारी, जोखिममा आधिारित योजना निर्माण प्रक्रिया लगायतका बिषयमा १५ वटा दस्तावेज तयार हुनेछन् ।

## यो कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुबाट बिभिन्न व्यक्ति र संस्था लाभान्वित हुनेछन् :

- लक्षित गाउँपालिकाहरुबाट बिभिन्न व्यक्ति विभिन्न तालिम, अभिमुखीकरण, कार्यशाला, बैठक, सञ्चार तथा प्रकाशनबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।
- सुरक्षित भवन निर्माणको लागि प्राविधिक र निर्माणकर्मीहरुले तालिम प्राप्त गर्नेछन् ।
- बहुप्रकोप जोखिम लेखाजोखाको लागि सामुदायिक स्वयंसेवकहरुले तालिम प्राप्त गर्नेछन् ।
- आपतकालीन प्राथमिक स्वास्थ्य प्रतिकार्य र खोज तथा उद्दार सम्बन्धी सामुदायिक स्वयंसेवकहरुले तालिम प्राप्त गर्नेछन् ।
- घरधनी, राजनीतिक अगुवा, सामुदायिक स्वयंसेवक लगायत व्यक्तिहरु विपद् सुरक्षित निर्माण र उत्थानशील समुदाय सम्बन्धी अभिमुखीकरणमा सहभागी हुनेछन् ।
- बिभिन्न व्यक्तिहरु सचेतना, बैठक, कार्यशाला र अन्य कार्यक्रमहरुबाट लाभान्वित हुनेछन् । सचेतनाको कार्यक्रममा कम्तिमा पनि २०% महिलाको सहभागिता रहनेछ ।
- लक्षित गाउँपालिकाहरुबाट समुदायहरू रेडियो कार्यक्रम, नीति निर्माण तर्जुमा जस्ता कार्यक्रमबाट अप्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

## भौगोलिक क्षेत्र

यो कार्यक्रम ७ वटा गाउँपालिकाहरुमा कार्यान्वयन भएको छ ।




थप जानकारीको लागि कृपया हामीलाई सम्पर्क गर्नुहोस् ।

NSET
Earthquake Safe Communities in Nepal
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल, पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२, इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np